# केन्द्रीय नवीकरणीय ऊर्जा कोष

## केन्द्रीय नवीकरणीय ऊर्जा कोष सचिवालय प्रमुखको पदपूर्ति सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना :** केन्द्रीय नवीकरणीय ऊर्जा कोष सचिवालय प्रमुखको खुल्ला प्रतिस्पर्धाको आधारमा व्यवस्थित, पारदर्शी र निष्पक्षरुपमा छनौट गरी नियुक्तिको लागि सिफारिस गर्ने प्रयोजनको लागि लगानी समितिले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"केन्द्रीय नवीकरणीय ऊर्जा कोष सचिवालय प्रमुखको पदपूर्ति सम्बन्धी कार्यविधि, २०८१"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "केन्द्र" भन्नाले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले केन्द्रीय नवीकरणीय ऊर्जा कोष सम्झनु पर्छ ।

(ग) "कार्यविधि" भन्नाले केन्द्रीय नवीकरणीय ऊर्जा कोष सचिवालय प्रमुखको पदपूर्ति सम्बन्धी कार्यविधि, २०८१ सम्झनु पर्छ ।

(घ) "छनौट समिति" भन्नाले केन्द्रीय नवीकरणीय ऊर्जा कोष सचिवालय प्रमुखको पदपूर्तिका लागि लगानी समितिले गठन गरेको छनौट समिति सम्झनु पर्छ ।

(ङ) "निर्देशिका" भन्नाले केन्द्रीय नवीकरणीय ऊर्जा कोष (सञ्चालन) निर्देशिका २०७१ (पहिलो संसोधन, २०७८) सम्झनु पर्छ ।

(च) "प्रमुख" भन्नाले छनौट समितिले नियुक्त गरेको केन्द्रीय नवीकरणीय ऊर्जा कोष सचिवालय प्रमुख सम्झनु पर्छ ।

(छ) "लगानी समिति" भन्नाले केन्द्रीय नवीकरणीय ऊर्जा कोषको लगानी समिति भन्ने सम्झनु पर्छ ।

३. **नवीकरणीय ऊर्जा कोष सचिवालय प्रमुखको छनौट :** लगानी समितिले केन्द्रीय नवीकरणीय ऊर्जा कोष सचिवालय प्रमुखको छनौटको लागि लगानी समितिको अध्यक्ष वा सदस्यको संयोजकत्वमा छनौट समिति गठन गर्नेछ । छनौट समितिले यस कार्यविधि बमोजिम मुख्य उम्मेदवार र सम्भब भएसम्म दुईजना वैकल्पिक उम्मेदवार सहितको नामावली लगानी समितिमा सिफारिस गर्नुपर्नेछ । छनौट समितिले यस कार्यविधिमा उल्लेख नभएको विषयहरु समेट्ने गरी छुट्टै कार्यविधि बनाउन सक्नेछ । छनौट समितिले आफ्नो कार्य सम्पन्न गरेपछि यससम्बन्धी सम्पूर्ण कागजातहरु सिलबन्दी गरी केन्द्रमा बुझाउनु पर्नेछ ।

४. **उम्मेदवारको न्यूनतम शैक्षिक योग्यता र कार्य अनुभव :** केन्द्रीय नवीकरणीय ऊर्जा कोष सचिवालय प्रमुखको न्यूनतम शैक्षिक योग्यता र कार्य अनुभव देहाय बमोजिम हुनुपर्नेछ ।

(क) अर्थशास्त्र, वाणिज्य, व्यवस्थापन, लेखा, बैंकिङ विषयमा कम्तीमा स्नातकोत्तर वा सो सरहको शैक्षिक उपाधि हासिल गरेको ।

(ख) नवीकरणीय ऊर्जा कोषको कार्यसँग सम्बन्धित क्षेत्रमा वा बैंकिङ वा व्यवस्थापन वा लेखाको क्षेत्रमा अधिकृतस्तर वा सो सरहको पदमा कम्तीमा १२ बर्षको कार्य अनुभव रहेको ।

(ग) न्यूनतम शैक्षिक योग्यताको अतिरिक्त उपदफा १ बमोजिमको विषयमा थप शैक्षिक योग्यता वा उच्च शैक्षिक योग्यतालाई विशेष ग्राहृयता दिइने ।

(घ) नवीकरणीय ऊर्जा क्षेत्रको कार्य अनुभवलाई विशेष ग्राह्यता दिइने ।

५. **<u>अयोग्यता :</u>** दफा ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको व्यक्ति केन्द्रीय नवीकरणीय ऊर्जा कोष सचिवालयको प्रमुखको पदको लागि उम्मेदवार हुन पाउने छैन

(क) गैरनेपाली नागरिक,

(ख) विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएको,

(ग) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध कारोबार, सम्पति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(घ) प्रचलित कानून बमोजिम कालोसूचीमा परेको वा त्यस्तो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन बर्ष पूरा नभएको,

(ङ) आफू वा आफ्नो एकाघरको परिवारको सदस्य वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्वारा संचालित नवीकरणीय ऊर्जासँग सम्बन्धी कार्यको ब्यापारमा संलग्न कुनै कम्पनी वा त्यस्तो कम्पनीको सहायक कम्पनी, फर्म वा संस्थाको संस्थाको संस्थापक, शेयरधनी वा संचालकको हैसियतमा संलग्न रहेको वा त्यस्तो हैसियतबाट अलग भई कम्तीमा एक बर्षको अवधि व्यतित भई नसकेको ।

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि शेयरधनी भन्नाले सम्बन्धित कम्पनीको कम्तीमा एक प्रतिशत शेयर स्वामित्व रहेको व्यक्ति सम्झनु पर्छ ।

(च) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(छ) कुनै राजनीतिक दलको सदस्य वा पदाधिकारी भएको ।

६. **<u>दरखास्त आह्वान गर्नु पर्ने</u>**: (१) कोषमा रिक्त भएको वा हुने कोष सचिवालयको प्रमुखको पदपूर्तिका लागि छनौट समितिले कम्तिमा १५ (पन्ध्र) दिनको समयावधि दिई दरखास्त

आह्वानको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गरी केन्द्र र कोषको सचिवालयको वेवसाइटमा राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र ३ (तीन) वटा भन्दा कम दरखास्त परेमा उक्त दरखास्तलाई कायमै राखी म्याद सकिएको ३ (तीन) कार्य दिन भित्र पुनः ७ (सात) दिनको समयावधि दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा तथा केन्द्र र कोषको सचिवालयको वेवसाइटमा दरखास्त आव्हानको म्याद थप सम्बन्धी सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम थपिएको म्याद सहितको अवधिमा कायम हुन आउने दरखास्तको सूची तयार गरी केन्द्र र कोषको सचिवालयको वेवसाइटमा राखिनेछ र यो सूचीमा परेका उम्मेदवारहरुलाई छनौटको प्रक्रिया अगाडि वढाइनेछ ।

७. **<u>दरखास्त दस्तुर र दरखास्त बुझाउने स्थान</u>** : (१) दरखास्त दिने उम्मेदवारले दरखास्त शुल्कबापत रु. ३,०००/- (अक्षरुपी तीन हजार रुपैयाँ मात्र) बुझाउनु पर्नेछ ।

(२) उम्मेदवारले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा दरखास्त सहित माग भएको कागजातहरु पेश गर्नुपर्नेछ ।

८. **<u>दरखास्तको सूचनामा खुलाउनु पर्ने विषयहरु</u>** : (१) दफा ३ बमोजिम प्रकाशन गरिने दरखास्त आह्वानको सूचनामा देहाय बमोजिम विषयहरु खुलाउनु पर्नेछ :-

(क) दरखास्त पेश गर्ने मिति, समय, स्थान, दस्तुर र माध्यम,

(ख) शैक्षिक योग्यता र सोको प्रमाणपत्र,

(ग) कार्य अनुभव र सोको प्रमाणपत्र

(घ) व्यावसायिक योजना तथा कार्य योजना

(ङ) विस्तृत वैयक्तिक विवरण

(च) स्वघोषणा

(छ) मूल्याकंनका आधार तथा छनौट प्रकृया,

(ज) पदको कार्य विवरण

९. **दरखास्त तथा दरखास्तसाथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरु** : (१) दरखास्त साथ निम्न कागजात तथा विवरणहरु पेश गर्नुपर्नेछ ।

(क) अनुसूची १ बमोजिमको ढाँचामा उम्मेदवारको दरखास्त फाराम

(ख) दरखास्त दस्तुर तिरेको भौचर वा रसिद

(ग) नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, कार्य अनुभव प्रमाणित हुने कागजातको प्रतिलिपिहरु

(घ) व्यावसायिक योजना तथा कार्य योजना

(ङ) अनुसूची २ बमोजिमको स्वघोषणा

(च) वैयक्तिक विवरण (CV)

(छ) अन्य विवरणहरु

(२) उम्मेदवारको दरखास्त फाराम, दरखास्त दस्तुर तिरेको भौचर वा रसिद, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, कार्य अनुभव प्रमाणित हुने कागजातको प्रतिलिपिहरु, स्वघोषणा, वैयक्तिक विवरण (CV) र अन्य विवरणहरु खाम (क) र व्यावसायिक योजना तथा कार्ययोजना खाम (ख) मा सिलबन्दी गरी खाम बाहिर उम्मेदवारको नाम, ठेगाना, फोन नं. र सहीछाप गरी सूचनामा तोकिएको म्यादभित्र केन्द्रमा दर्ता गर्नुपर्नेछ ।

(३) उम्मेदवारले पेश गर्ने प्रतिलिपि कागजातको प्रत्येक पानामा सक्कल बमोजिम नक्कल ठिक छ भनी आफैले दस्तखत गरी प्रमाणित गर्नुपर्नेछ ।

(४) उम्मेदवारले दरखास्त फारामको बुँदा नं ११ शैक्षिक योग्यतामा उल्लेख गरेको सम्पूर्ण शैक्षिक योग्यताहरुको प्रतिलिपी पेश गर्नुपर्नेछ । विदेशस्थित विश्वविद्यालयमा अध्ययन गरेका उम्मेदवारको हकमा समकक्षता हासिल गरेको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

(५) कार्य अनुभव प्रमाणपत्र सम्बन्धित कार्यालयबाट जारी भएको हुनुपर्नेछ । कार्य अनुभवको विवरण पेश गर्दा कार्य सुरु गरेको समय देखि अन्तिमसम्मको अनुभव सिलसिलेवार रुपमा स्पष्ट अवधि खुल्ने गरी पेश गर्नुपर्नेछ ।

(६) एकै समयमा एकभन्दा बढी निकायमा काम गरी दोहोरो कार्य अनुभव देखिने गरी प्रमाण पेश गरेको हकमा एक निकायमा काम गरेको अनुभवलाई मात्र गणना गरिनेछ ।

(७) सरकारी वा संगठित संस्थाको कुनै पदमा बहाल भएको कर्मचारीले सम्बन्धित निकायको सहमतिपत्र पेश गर्नु पर्नेछ ।

(८) व्यावसायिक योजना तथा कार्ययोजना अंग्रेजी टाईम्स न्यू रोमन फन्ट वा नेपाली युनिकोड फन्ट बाह्र साईजमा दस हजार शब्द नबढ्ने गरी तयार गर्नुपर्नेछ । व्यावसायिक योजना तथा कार्ययोजनाको प्रत्येक पेजको पुच्छारमा पेज नम्बर उल्लेख गर्नु पर्नेछ । सो व्यावसायिक योजना तथा कार्ययोजनाको ३ (तीन) प्रति सिलवन्दी गरी खामको बाहिर पट्टी मात्र नाम, थर, ठेगाना उल्लेख गरी उम्मेदवारले दस्तखत गरेको हुनुपर्नेछ ।

(९) व्यावसायिक योजना तथा कार्ययोजनामा उम्मेदवारको पहिचान हुने गरी कुनै संकेत चिन्ह वा दस्तखत समावेश गर्न पाइनेछैन । व्यावसायिक योजना तथा कार्ययोजनामा उम्मेदवारको पहिचान हुने गरी कुनै संकेत चिन्ह वा दस्तखत समावेश गरेको पाइएमा मूल्यांकन प्रक्रियाबाट हटाइनेछ।

(१०) अन्य विवरणहरु।

१०. **<u>व्यावसायिक योजना तथा कार्ययोजना</u>** : उम्मेदवारले व्यावसायिक योजना र कार्ययोजना तयार गर्दा देहायका बुँदाहरु समेत समावेश गर्नुपर्नेछः-

(क) नवीकरणीय ऊर्जा विकासमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिदृश्य;

(ख) नवीकरणीय ऊर्जा क्षेत्रको नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था;

- नवीकरणीय ऊर्जा क्षेत्रको नीति तथा कानूनी एबं संस्थागत व्यवस्था,
- नवीकरणीय ऊर्जा क्षेत्रमा संलग्न सरकारी, गैरसरकारी, निजीक्षेत्र तथा दातृ निकाय बीचको समन्वय, अन्तरसम्बन्धको अवस्था र सम्भावना,
- कोषको परिचय, उद्देश्य, संचालनको सिद्धान्त, लगानीका क्षेत्र र सोको विश्लेषण,
- लगानी समिति र कोषको सचिवालयको काम कर्तव्य र अधिकार र सोको विश्लेषण,
- नवीकरणीय ऊर्जा क्षेत्रको विकासमा लगानी तथा कार्यान्वयनमा अवलम्वन गरिएका मोडलहरू र लगानीका श्रोतहरू,
- नवीकरणीय ऊर्जा क्षेत्रमा क्षमता वृद्धिको आवश्यकता र उपायहरु,

(ग) केन्द्रीय नवीकरणीय ऊर्जा कोषको व्यावसायिक योजना :

- कोषको सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौतीको विश्लेषण (SWOT Analysis),
- कोषको आगामी ४ बर्षको विस्तृत व्यावसायिक योजना,
- कोष संचालन र लगानीको जोखिम, जोखिमको लेखाजोखा र समाधानका उपाय,
- रचनात्मक तथा नवप्रवर्तनात्मक सुझावहरु,

(घ) व्यावसायिक योजनाको कार्यान्वयन कार्ययोजना :

११. **<u>मूल्याङ्कनका आधार र सोको अङ्कभार</u>**: (१) छनौट समितिले प्रमुखको छनौटका लागि मूल्याङ्कन गर्दा देहायका आधारमा कूल अंकभार १०० (एक सय) कायम गरी देहाय बमोजिमको अंकभारको आधारमा गर्नु पर्नेछ :-

| क्र.सं. | आधारहरु | अंक भार | अंक प्रदान गर्ने आधारहरु |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता | १० | • तोकिएको न्यूनतम शैक्षिक योग्यता वापत ८(आठ) अंक प्रदान गरिनेछ ।<br>• दफा ४ सँग सम्बन्धित विषयमा वा सो भन्दा माथिल्लो स्तरको थप शैक्षिक योग्यता वापत थप २ अंक प्रदान गरिनेछ । |
| २ | अनुभव | २० | • न्यूनतम कार्य अनुभव वापत एकमुष्ट १० अंक<br>• न्यूनतम अवधि भन्दा बढी अवधिको लागि प्रत्येक वर्षको १(एक) अंकको दरले बढीमा ५ अंक<br>• काम गर्नुपर्ने क्षेत्र नवीकरणीय ऊर्जा क्षेत्रमा भएको कार्य अनुभवलाई विशेष कार्य अनुभव मानी प्रति वर्ष १ अंकका दरले बढीमा ५ अंक |
| ३ | व्यावसायिक योजना तथा कार्ययोजना | ३० | दफा १० बमोजिमको व्यावसायिक योजना तथा कार्ययोजना मूल्यांकन गर्दा देहायका आधारमा गरिनेछ :<br>• लेखन शैली<br>• विषयवस्तुको ज्ञान र विश्लेषण<br>• समस्याको पहिचान र समाधानका विकल्पहरु<br>• व्यावसायिक योजनामा समेटिएका क्षेत्र, विषय र सो को क्रमबद्धता<br>• जोखिम विश्लेषण तथा व्यवस्थापन<br>• कार्यान्वयन कार्ययोजना र कार्यान्वयन तालिका<br>• रचनात्मक र नवप्रवर्तनात्मक सुझावहरु |
| ४ | व्यावसायिक योजना तथा कार्ययोजनाको प्रस्तुतिकरण | २० | • पेश गरेको कार्ययोजनासँग तादम्यता<br>• विषयवस्तुको सैदान्तिक र व्यवहारिक पक्षको ज्ञान<br>• प्रस्तुतिमा समेटिएका क्षेत्र तथा विषय<br>• प्रस्तुतिकरणको शैली<br>• प्रस्तुतिकरणको क्रमबद्धता<br>• प्रस्तुतिकरणको समय व्यवस्थापन<br>• प्रश्नको उत्तर दिने शैली र जवाफ |
| ५ | अन्तर्वार्ता | २० | • विषयवस्तुको ज्ञान<br>• व्यक्तित्व र आत्मविश्वास<br>• अन्तर्वार्ताको शैली<br>• प्रश्नको उत्तर दिने शैली र जवाफ |

(३) व्यावसायिक योजना तथा कार्ययोजनाको मूल्यांकन बापतको अङ्क दिंदा देहाय बमोजिम दिनु पर्नेछः-

(क) नवीकरणीय ऊर्जा विकासमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिदृश्यः २ अंक

(ख) नवीकरणीय ऊर्जा क्षेत्रको नीतिगत, कानूनी तथा संस्थागत व्यवस्थाः ३ अंक

(ग) केन्द्रीय नवीकरणीय ऊर्जा कोषको व्यावसायिक योजना : १५ अंक

(घ) व्यावसायिक योजनाको कार्यान्वयन कार्ययोजना : ५ अंक

(४) उम्मेदवारको छनौटको लागि मूल्याङ्कन सम्बन्धी अन्य विषयहरु छनौट समिति आफैले निर्धारण गर्न सक्नेछ ।

१३. **छनौट प्रकृया :** केन्द्रीय नवीकरणीय ऊर्जा कोष सचिवालय प्रमुखको छनौट प्रक्रिय देहाय बमोजिम हुनेछ ।

(१) केन्द्रले सूचनामा उल्लिखित म्याद भित्र प्राप्त दरखास्त र दरखास्तसँग पेश भएका सम्पूर्ण कागजातहरु दरखास्त दिने म्याद समाप्त भएको ३ (तीन) कार्य दिन भित्र छनौट समितिमा पठाउनु पर्नेछ।

(२) छनौट समितिले दरखास्त पेश भएको न्यूनतम शैक्षिक योग्यता, कार्य अनुभव र अन्य कागजातहरु रुजु/परीक्षण गरी न्यूनतम योग्यता पुगेका स्वीकृत नामावली केन्द्र र कोषको सचिवालयको वेवसाइटमा राखिनेछ। तोकिएको न्यूनतम योग्यता नपुगेका उम्मेदवारहरुको दरखास्तलाई अस्वीकृत गरी छनौट प्रक्रियामा समावेश गरिनेछैन । दरखास्त स्वीकृत वा अस्वीकृत गर्ने अन्तिम अधिकार छनौट समितिलाई हुनेछ ।

(३) छनौट समितिले उम्मेदवारको शैक्षिक योग्यता र कार्य अनुभवलाई यस कार्यविधि बमोजिमको मूल्याकंनको आधारमा अंक दिई शैक्षिक योग्यता र कार्य अनुभवको प्राप्तांकको तालिका बनाउनुपर्नेछ । यसरी तयार गरेको मूल्याकंन तालिकालाई सिलबन्दी गरी राख्नुपर्नेछ ।

(४) उम्मेदवारले पेश गरेको व्यावसायिक योजना तथा कार्ययोजना छनौट समितिले स्वीकृत गरेको विज्ञहरुको रोष्टरमध्येबाट २ जना विज्ञबाट मूल्याकंन गराउनु पर्नेछ। यसरी मूल्याकंनको लागि पठाउँदा उम्मेदवारको परिचय हटाई कोडिङ्ग गरी मूल्याङ्कन फाराम सहित गोप्यरुपमा विज्ञलाई पठाउनु पर्नेछ । दफा ११ बमोजिमको मूल्याकंनको आधारमा प्रत्येक विज्ञले व्यावसायिक योजना तथा कार्ययोजनाको मूल्याकंन गरी प्राप्तांक तालिका (Mark Sheet) लाई सिलबन्दी गरी छनौट समितिमा बुझाउनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम विज्ञहरुबाट प्राप्तांक तालिकालाई छुट्टै फाराममा प्रविष्ट गरी व्यावसायिक योजना तथा कार्ययोजना बापतको औसत अङ्क निकालिनेछ । यसलाई उम्मेदवारले व्यावसायिक योजना तथा कार्ययोजना वापत प्राप्त गरेको अंक मानिनेछ ।

(६) शैक्षिक योग्यता, कार्य अनुभव र व्यावसायिक योजना तथा कार्य योजनाको मूल्याकंनमा उम्मेदवारले प्राप्त गरेको अंकलाई जोडी कुल प्राप्तांक गणना गरी योग्यताक्रमको तालिका बनाउनु पर्नेछ । शैक्षिक योग्यता, कार्य अनुभव र व्यावसायिक योजना तथा कार्य योजनाको मूल्याकंनबाट कूल प्राप्तांककमा अधिकतम अंक प्राप्त गर्ने योग्यताक्रममा रहेका बढीमा ५ जना उम्मेदवारलाई बर्णानुक्रम बमोजिम व्यावसायिक योजना तथा कार्ययोजनाको प्रस्तुतिकरण

तथा अन्तर्वार्ताको लागि छनौट गरिनेछ । यसरी मूल्याकंनमा प्राप्त अंक तालिकालाई सिलबन्दी गरी राख्नुपर्नेछ ।

(७) उपदफा (६) बमोजिमको छनौटमा परेका उम्मेदवारहरुलाई निजहरुले पेश गरेको व्यावसायिक योजना तथा कार्ययोजनाको प्रस्तुतिकरण र अन्तर्वार्ताको लागि कम्तिमा ७ (सात) दिनको सूचना दिई मिति, समय र स्थान तोकी कार्यक्रम प्रकाशन गर्नुपर्नेछ र सोको जानकारी उम्मेदवारलाई दिनुपर्नेछ । यसरी तोकएको मिति, समय र स्थानमा उम्मेदवारहरुले व्यावसायिक योजना तथा कार्ययोजना प्रस्तुतिकरण र अन्तर्वार्ता कार्यक्रममा समावेश हुनुपर्नेछ।

(८) उम्मेदवारले प्रस्तुतीकरण तथा अन्तर्वार्तामा सहभागी हुन आउदा दरखास्तसाथ पेश गरेको शैक्षिक योग्यता, कार्य अनुभव, नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल प्रति साथै लिई आउनु पर्नेछ । उक्त सक्कल प्रतिहरु छनौट समितिले चेकजाँच गर्नेछ ।

(९) व्यावसायिक योजना तथा कार्ययोजना प्रस्तुतिकरण र अन्तर्वार्तामा उम्मेदवारको मूल्याकंन गर्न छनौट समितिका पदाधिकारीहरु र विज्ञसहितको ४ जना मूल्याकंन समिति गठन गरिनेछ ।

(१०) छनौट समितिका प्रत्येक सदस्य तथा विज्ञले व्यावसायिक योजना तथा कार्ययोजनाको प्रस्तुतिकरणको मूल्याकंन गरी अंक दिई प्रत्येक मूल्याकंन फारामको पछाडि सबै मूल्याकंनकर्ताले दस्तखत गरी सिलबन्दी गरी राख्नुपर्नेछ । व्यावसायिक योजना तथा कार्ययोजनाको प्रस्तुतिकरणको मूल्याङ्कनमा तोकिएको पूर्णाङ्कको ४०% भन्दा कम र ७०% भन्दा बढी अङ्क दिनु परेमा कारण खुलाउनु पर्नेछ । कारण नखुलाई ४०% भन्दा कम र ७०% भन्दा बढी अङ्क दिएकोमा घटीमा ४०% र बढीमा ७०% अङ्क कायम गरी गणना गरिनेछ ।

(११) छनौट समितिका प्रत्येक सदस्य तथा विज्ञले अन्तर्वार्ता लिई अन्तर्वार्ताको अंक दिई प्रत्येक मूल्याकंन फारामको पछाडि सबै मूल्याकंनकर्ताले दस्तखत गरी सिलबन्दी गरी राख्नुपर्नेछ । अन्तर्वार्ताको मूल्याङ्कनमा मूल्याकंनकर्ताले तोकिएको पूर्णाङ्कको ४०% भन्दा कम र ७०% भन्दा बढी अङ्क दिनु परेमा कारण खुलाउनु पर्नेछ । कारण नखुलाई ४०% भन्दा कम र ७०% भन्दा बढी अङ्क दिएकोमा घटीमा ४०% र बढीमा ७०% अङ्क कायम गरी गणना गरिनेछ ।

(१२) अन्तर्वार्ता सम्पन्न भएपछि दफा १३ को उपदफा ६ बमोजिम शैक्षिक योग्यता, कार्य अनुभव र व्यावसायिक योजना तथा कार्य योजनाको प्राप्तांक उपदफा १० बमोजिम व्यावसायि योजना तथा कार्ययोजनाको प्रस्तुतिकरण र उपदफा ११ बमोजिम अन्तर्वार्ताको प्राप्तांक

सिलबन्दी खाम छनौट समितिले खोल्नुपर्नेछ । व्यावसायिक योजना र कार्ययोजना प्रस्तुतिकरणमा ४ वटै मूल्याकंनकर्ताले दिएको अंकहरुलाई जोडी उम्मेदवारले प्राप्त गरेको औषत अंक लिकाल्नुपर्नेछ । त्यसैगरी अन्तर्वार्तामा ४ वटै मूल्याकंनकर्ताले दिएको अंकहरुलाई जोडी उम्मेदवारले प्राप्त गरेको औषत अंक लिकाल्नुपर्नेछ । शैक्षिक योग्यता, कार्यअनुभव, व्यावसायिक योजना तथा कार्ययोजनाको मूल्याकंन, व्यावसायिक योजना तथा कार्ययोजनाको प्रस्तुतिकरण र अन्तर्वार्ताको प्राप्तांकलाई जोडी प्रत्येक उम्मेदवारले प्राप्त गरेको कूल प्राप्तांक गणना गरी उम्मेदवारको प्राप्तांकको योग्यताक्रम निर्धारण गरिनेछ ।

(१३) उपदफा १२ बमोजिम योग्यताक्रममा परेको सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारलाई मुख्य उम्मेदवार र त्यसपछि क्रमश बढी अंक प्राप्त गर्ने २ जना उम्मेदवारलाई वैकल्पिक उम्मेदवारको रुपमा छनौट समितिले लगानी समिति समक्ष सिफारिस गर्नु पर्नेछ ।

१४. **<u>नविकरणीय ऊर्जा कोष सचिवालय प्रमुखको नियुक्ति</u>** : (१) लगानी समितिले दफा १३ को उपदफा (१३) बमोजिमको नवीकरणीय ऊर्जा कोष सचिवालय प्रमुखको नियुक्तिको लागि छनौट समितिबाट सिफारिस भई आएका मुख्य उम्मेदवार र वैकल्पिक उम्मेदवारको सिफारिस स्वीकृत गरी सोको सूचना प्रकाशन गर्न सक्नेछ ।

(२) लगानी समितिबाट मुख्य उम्मेदवारलाई नियुक्ति गर्ने निर्णय स्वीकृत भएको मितिले १५ (पन्ध्र) दिनभित्र नियुक्तिको लागि सम्पर्क राख्न आउन पत्राचार गर्नेछ । उक्त अवधिभित्र सिफारिस भएको उम्मेदवार सम्पर्क राख्न नआएमा लगानी समितिले वैकल्पिक उम्मेदवारलाई सिफारिस गर्नु पर्नेछ ।

(३) सचिवालय प्रमुखको नियुक्ति लगानी समितिको सिफारिसमा समितिको अध्यक्षले गर्नेछ ।

१५. **<u>विज्ञको छनौट</u>** : छनौट समितिले व्यावसायिक योजना तथा कार्ययोजनाको मूल्याकंन, व्यावसायिक योजना तथा कार्ययोजनाको प्रस्तुतिकरण र उम्मेदवारको अन्तरवार्ताको लागि विज्ञ छनौट गर्न विज्ञको रोष्टर तयार गरी स्वीकृत गर्नेछ । स्वीकृत रोष्टर मध्येबाट व्यावसायिक योजना तथा कार्ययोजनाको मूल्याकंन, सोको प्रस्तुतिकरण र अन्तर्वार्ता कार्यको लागि विज्ञ तोक्ने अधिकार छनौट समितिको संयोजकलाई हुनेछ । यसरी विज्ञ तोक्दा एउटा काममा संलग्न गराइएको विज्ञलाई अर्को चरणको काममा संलग्न गराइने छैन । छनौट समितिले आवश्यकता अनुसार यस सम्बन्धी र अन्य कार्यको लागि आवश्यक विज्ञको सहयोग लिन सक्नेछ ।

१६. **आवश्यक सहयोग लिन सक्ने** : छनौट समितिले कोष सचिवालय प्रमुखको छनौट प्रक्रियामा सहयोग गर्न आवश्यकता अनुसार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय र केन्द्रका कर्मचारीहरुलाई आमन्त्रण गर्न सक्नेछ । साथै छनौट समितिले यस कार्यको लागि आवश्यकता अनुसार बैठक गर्न सक्नेछ र उक्त बैठकमा आवश्यकता अनुसार अन्य कर्मचारीहरुलाई समेत आमन्त्रण गर्न सक्नेछ ।

१७. **खर्च सम्बन्धी व्यवस्था** : कोष सचिवालय प्रमुखको छनौट कार्यका लागि आवश्यक सूचना प्रकाशन, विज्ञको पारिश्रमिक, बैठक भत्ता र अन्य प्रशासनिक तथा लजिष्टक लगायतका सम्पूर्ण खर्च कोषले व्यहोर्नेछ ।

१८. **गोपनियता कायम गर्नुपर्ने** : छनौट समितिका सदस्य तथा विज्ञले कोष सचिवालय प्रमुखको छनौट सम्बन्धी सम्पूर्ण प्रक्रिया तथा सो सँग सम्बन्धित कागजातहरुको गोपनियता कायम राख्नुपर्नेछ । छनौट समितिका सदस्य तथा विज्ञको दरखास्त पेश गर्ने उम्मेदवारहरु कोही नाता (बाबु, आमा, पति, पत्नी तथा छोरा-छोरी, दाजु-भाई, दिदी-बहिनी, भाउजू-बुहारी, जेठाजू, देवर, जेठानी, देउरानी, आमाजू, नन्द, काका-काकी, ठूलोबुबा-ठूलीआमा, सानोबुबा-सानीआमा, साढु दाइ-भाइ, भतिजा-भतिजी, भाञ्जा-भाञ्जी, भिनाजू-ज्वाँई, मामा-माइज्यु, फुपू-फुपाजु, साला-साली र तिनका छोराछोरी लगायत) नाता पर्ने भएमा सोको जानकारी समयमै छनौट समितिलाई दिई स्वघोषणा गर्नुपर्नेछ र निजले छनौट प्रक्रियामा सहभागी हुन पाउनेछैन ।

१९. **छनौट सम्बन्धी कागजात गोप्य रहने** : यस कार्यविधि बमोजिम कोष प्रमुखको छनौट सम्बन्धमा, दरखास्त, कार्य अनुभव, शैक्षिक योग्यताको प्राप्ताङ्क र व्यावसायिक रणनीति तथा कार्ययोजना, सोको परीक्षण, विज्ञ छनौट, अन्तर्वार्तामा प्राप्त अङ्क तथा अङ्क गणना लागायतका छनौट सम्बन्धी कागजात प्रचलित कानूनले तोकेको अवधिसम्म गोप्य राख्नु पर्नेछ।

अनुसूची -१

# केन्द्रीय नवीकरणीय ऊर्जा कोष सचिवालय प्रमुखको उम्मेदवारको दरखास्त फाराम

| उम्मेदवारको फोटो |
|---|
| |

**उम्मेदवारको विवरण**

१. उम्मेदवारको पूरा नाम, थर :..............................................

२. पदः.......................................

३. स्थायी ठेगानाः.....................................................

(क) प्रदेशः ............... (ख) जिल्लाः...............(ग) न.पा./गा.पा................ (घ) वडा नंः........................

(ङ) पत्राचार गर्ने ठेगानाः............................ (च) मोवाइल नं.ः..................... (छ) इमेलः...................

४. हाल बसोबास गरेको ठेगानाः....................................

(क) प्रदेश :.............(ख) जिल्लाः................(ग) न.पा./गा.पा.ः............... .(घ) वडा नंः............

५. बाजेको पूरा नाम, थरः.......................................

६. बाबुको : (क) पूरा नाम,थर समेतः......................(ख) पेशाः....................(ग) ठेगानाः..............

७. आमाकोः (क) पूरा नाम,थर समेतः......................(ख) पेशाः ................ (ग) ठेगानाः...................

८. विवाहितको हकमा पति वा पत्नीकोः........................................

(क) पूरा नाम,थरः.......................... (ख) पेशाः.................... (ग) ठेगानाः............

९. जन्म मितिः..............................

१०. नागरिकता नंः .................. जारी मितिः ................ जिल्लाः.......................

**११. शैक्षिक योग्यता (आवश्यक न्युनतम योग्यता, थप शैक्षिक योग्यता र सो भन्दा माथिको शैक्षिक योग्यता):**

| क्र.सं. | उतीर्ण भएको परीक्षा | परीक्षा लिने संस्थाको नाम,ठेगाना | परीक्षा उत्तीर्ण गरेको वर्ष | प्राप्त श्रेणी र कूल प्राप्तांक प्रतिशत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**१२.कार्य अनुभव सम्बन्धी विवरण**

| क्र.सं. | पद | कार्यालय/संस्था/निकायको नाम | कार्यअनुभवको क्षेत्र | काम गरेको समय | | कार्यानुभवको अवधि | सम्पादन गरेको मुख्य कार्यहरु |
|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**१३. संलग्न कागजातहरु :**

(१) - (....पाना)
(२) - (....पाना)
(३) - (....पाना)
(४) - (....पाना)
(५) - (....पाना)
(६) - (....पाना)

**माथि उल्लिखित सम्पूर्ण विवरणहरू ठिक साँचो छन् । यी विवरणलाई पुष्ट्याई गर्ने शैक्षिक योग्यता र कार्य अनुभवका प्रमाणपत्रका प्रतिलिपीहरु यसै साथ संलग्न गरी पेश गरेको छु । यो पदमा उम्मेदवारी दिन अयोग्य नरहेको स्व घोषणा गर्दछु । उम्मेदवारको लागि तोकिएको न्यूनतम योग्यता पूरा नभई दरखास्त अस्वीकृत भएमा मेरो मन्जुरी छ । यसमा फरक परेमा कानून बमोजिम सहुँला बुझाँउला ।**

**उम्मेदवारको नाम**

**हस्ताक्षर**

मिति :२०८१/ / /

ल्याप्चे सहिछाप

| बाँया | दाँया |
| --- | --- |
| | |

## अनुसूची -२

## स्वःघोषणा

म केन्द्रीय नवीकरणीय ऊर्जा कोष सचिवालय प्रमुख पदमा उम्मेदवार हुन देहायको अयोग्य नभएको स्वघोषणा गर्दछु । कुनै पनि कारणबाट यो स्वघोषणा बमोजिम नभएको प्रमाणित भएमा कानून बमोजिम कारबाही भएमा मेरो मञ्जुरी छ ।

(क) गैर नेपाली नागरिक,

(ख) विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएको,

(ग) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(घ) प्रचलित कानून बमोजिम कालोसूचीमा परेको वा त्यस्तो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएको,

(ङ) आफू वा आफ्नो एकाघरको परिवारको सदस्य वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्वारा संचालित नवीकरणीय ऊर्जासँग सम्बन्धी कार्यको ब्यापारमा संलग्न कुनै कम्पनी वा त्यस्तो कम्पनीको सहायक कम्पनी, सहायक कम्पनी, फर्म वा संस्थाको संस्थाको संस्थापक, व्यवस्थापकीय तह, शेयरधनी वा संचालक, लेखापरीक्षक वा सल्लाहकारको हैसियतमा संलग्न रहेको वा त्यस्तो हैसियतबाट अलग भई कम्तीमा तीन बर्षको अवधि व्यतित भई नसकेको ।

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि शेयरधनी भन्नाले सम्बन्धित कम्पनीको कम्तीमा एक प्रतिशत शेयरमा स्वामित्व रहेको व्यक्ति सम्झनु पर्छ ।

(च) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्वमा रहेको सङ्गठित संस्था वा अनुमतिपत्र प्राप्त व्यक्तिको बहालवाला कर्मचारी,

(सरकारी वा संगठित संस्थाको कुनै पदमा बहाल भएको कर्मचारीले सम्बन्धित निकायको सहमतिपत्र पेश गर्नु पर्नेछ)

(छ) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(ज) कुनै राजनीतिक दलको सदस्य वा पदाधिकारी भएको ।

दस्तखतः

नामः

मितिः